# बैठक नं. ७०

आज मिति २०७७ बैशाख ०१ गते सोमबार बेलुकी ०५:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, शाखा अधिकृत | श्री जनक थापा | |
| २४ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

## निर्णय नं.१

नयाँ वर्ष २०७७ को पावन अवसरमा हामी सबैको सुख, शान्ति, समृद्धि, उत्तरोत्तर प्रगतिका साथै विश्वभर फैलिरहेको कोरोना भाइरस ( कोभिड-१९) को समस्या विरुद्ध एकताबद्ध भई लड्न र कोरोनालाई जित्न सक्ने शक्ति प्राप्त होस् अनि बिना कुनै मानवीय र भौतिक क्षतिमा कोरोनाबाट छिट्टै प्राप्त होस् भन्ने कामना गरियो ।

## निर्णय नं.२

कोरोना भाइरस (कोभिड-१९) रोग फैलन नदिन नेपाल सरकारले घोषणा गरेको लकडाउनका कारण समस्यामा परेका श्रमिक र अन्य असहाय व्यक्तिहरु सहित १६६०८ जना (४१५२ परिवार) व्यक्तिहरुले नगरपालिकाबाट खरिद भएको रू ५१,०९,४४४ ( अक्षरुपी एकाउन्न लाख नौ हजार चार सय चौवालिस रुपैया) बारबारको खाद्यान्न तथा अन्य सहयोगी संस्था एवं व्यक्तिहरुबाट सहयोग स्वरुप प्राप्त खाद्यान्न समेत मिति २०७६/१२/२६ देखि एक हप्ताका लागि पुग्ने गरी सबै वडाहरुबाट वितरण भएको राहत तपशिल बमोजिम राहत वितरण गरिएको विषयमा छलफल र जानकारी भयो ।

तपशिलः

**कीर्तिपुर नगरपालिका असंगठित क्षेत्रका श्रमिक र असहायहरुलाई बिभिन्न वडा कार्यालयबाट पहिलो चरणमा राहत वितरण गरिएको विवरण (मितिः२०७७ बैशाख ०१ गते सम्ममा )**

| वडा नं. | राहत प्राप्त गर्ने परिवार संख्या | मिति | चामल ३० के.जी.बोरा | चामल २५ के.जी. बोरा | दाल बोरा | तेल लिटर | नुन के.जी. | साबुन वटा | चिनी ५० के.जी. बोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३२३ | २०७६ चैत्र २६ | १३५ | | ११ | ३२३ | ३२३ | ३२३ | ७ | |
| | | २०७६ चैत्र २७ | | | ९ | | | | ३ | |
| | | | **१३५** | | **२०** | **३२३** | **३२३** | **३२३** | **१०** | |
| २ | ४७२ | २०७६ चैत्र २७ | ७० | | २५ | ४१२ | ४१२ | ४१२ | १३ | |
| | | २०७६ चैत्र २८ | | १२० | ४ | ६० | ६० | ५३२ | २ | |
| | | २०७६ चैत्र २९ | २० | | | | ९० | | | |
| | | | **९०** | **१२०** | **२९** | **४७२** | **५६२** | **९४४** | **१५** | |
| ३ | ४१८ | २०७६ चैत्र २६ | १६७ | | १३ | ४१८ | ४१८ | ४१८ | ३ | |
| | | २०७६ चैत्र २७ | ३ | | १३ | ५२२ | २०९ | १४६३ | ७ | |
| | | | **१७०** | | **२६** | **९४०** | **६२७** | **१८८१** | **१०** | |
| ४ | ६१५ | २०७६ चैत्र २६ | २६० | | १३ | ६५० | ६५० | ६५० | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७६ चैत्र २७ | | | २४ | | | | ९ | |
| | | २०७६ चैत्र २७ | | | ८ | ४३० | १०० | ६०० | | |
| | | | २६० | | ४५ | १०८० | ७५० | १२५० | १९ | |
| ५ | ६४० | २०७६ चैत्र २६ | १०५ | | १३ | ६४० | ६४० | ६४० | १० | |
| | | २०७६ चैत्र २७ | | | २६ | | | | १० | |
| | | २०७६ चैत्र २८ | | १८६ | | ५८१ | २१५ | ६४० | | |
| | | | १०५ | १८६ | ३९ | १२२१ | ८५५ | १२८० | २० | |
| ६ | ४५६ | २०७६ चैत्र २६ | १८२ | | १४ | ४५६ | ४५६ | ४५६ | ७ | |
| | | २०७६ चैत्र २८ | ३ | | १४ | १०० | १०० | ४५६ | ७ | |
| | | | १८५ | | २८ | ५५६ | ५५६ | ९१२ | १४ | |
| ७ | १३८ | २०७६ चैत्र २६ | ६० | | ७ | १३८ | १३८ | १३८ | २ | |
| | | २०७६ चैत्र २८ | | | २ | | | | ३ | |
| | | | ६० | | ९ | १३८ | १३८ | १३८ | ५ | |
| ८ | २४० | २०७६ चैत्र २७ | १०० | | १५ | २४० | २४० | २४० | ८ | |
| | | | १०० | | १५ | २४० | २४० | २४० | ८ | |
| ९ | ४९१ | २०७६ चैत्र २६ | १९५ | | १५ | ४८१ | ४८१ | ४८१ | ७ | |
| | | २०७६ चैत्र २८ | | | १५ | १० | १० | | ८ | |
| | | | | | | २१९ | | ४९१ | | |
| | | | १९५ | | ३० | ७१० | ४९१ | ९७२ | १५ | |
| १० | ३५९ | २०७६ चैत्र २६ | १५० | १ | १८ | ३६० | ३६० | ३६० | ५ | |
| | | २०७६ चैत्र २७ | | | ४ | | | | ६ | |
| | | | १५० | १ | २२ | ३६० | ३६० | ३६० | ११ | |
| | | | १४५० | ३०७ | २६३ | ६०४० | ४९०२ | ८३०० | १२७ | |
| | | | ५ | ३४ | १०१ | ४९ | ५२ | ९७ | १ | |
| | | | १४५५ | ३४१ | ३६४ | ६०८९ | ४९५४ | ८३९७ | १२८ | |
| | | | १७०० | | २४८ | ६९०० | ४६५० | ९३८४ | १३८ | |
| | | | | ३४२ | २४ | ३६० | १०० | ४०० | | |
| | | | १७०० | ३४२ | २७२ | ७२६० | ४७५० | ९७८४ | १३८ | |
| | | | २४५ | १ | ४ | ११७२ | -२०६ | १३८७ | १० | |

यसरी राहत वितरण र तथ्याङ्क संकलन गर्दा कतिपय व्यक्तिहरु छुट हुन गएका, कतिपयको दोहोरो पर्न गएको र कतिपय अवस्थामा अनाधिकृत व्यक्तिले समेत राहत पाएको भनी जनगुनासो समेत आएकाले तथ्याङ्क संकलन र राहत वितरण कार्यको वडास्तर र नगरस्तरबाट सुक्ष्म अनुगमन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

<u>निर्णय नं.३</u>

यस नगरपालिकाको कार्यालय देवढोकाको सामुदायिक भवन र नयाँ प्रशासनिक दुवै स्थानबाट संचालन भई आएकोमा लकडाउनको अवधिमा दुवै ठाउँबाट कार्यालय संचालन गर्न कठिन भई नयाँ भवनबाट मात्र संचालन गर्न कार्यकक्षहरु व्यवस्थित भईनसकेको अवस्थामा थोरै कोठाबाट मात्र कार्य संचालन गर्दा भिडभाड समेत बढी भई अव्यवस्थित हुने भएकाले नयाँ भवनको पाँचौं तल्लामा कार्यकक्षहरु तत्काल व्यवस्था तथा विद्युत्तीकरण समेत गर्नुपर्ने भएकाले सो कार्यको प्राविधिक लागत अनुमान अनुसार बढीमा रु. ५ लाखको सीमाभीत्र रही कोटेशन मार्फत उक्त कार्य गर्ने/गराउने निर्णय गरियो ।

<u>निर्णय नं.४</u>

कोरोना भाइरस (कोभिड-१९) लाई फैलिन नदिनका लागि नेपाल सरकारले घोषणा गरेको लकडाउनको अवधि लम्बिन सक्ने भएकोले राहत वितरण र यसको दायरा समेत बढ्ने हुदाँ यस नगरपालिकाबाट स्थापना भएको आकष्मिक कोषमा जम्मा भएको रकम अपुग हुने हुदाँ चालू आ.व मा खर्च हुन नसकेको तपशिलको योजनाको रकम आकष्मिक कोषमा जम्मा गर्ने तथा उक्त कोषमा रकम अभिवृद्धिका लागि सामूहिक पहल गरी आकष्मिक कोषबाट स्वीकृत मापदण्ड बमोजिम राहत वितरण गर्ने गराउने निर्णय गरियो ।

तपशिलः

| सि.नं | योजनाको नाम | कोषमा सार्ने रकम | सार्नुपर्ने कारण |
|---|---|---|---|
| १ | कीर्तिपुर महोत्सव संचालन | रू.४० लाख | महोत्सव स्थगित भएकाले |
| २ | समपुरक कोष | रू.६० लाख | कोषमा विनियोजित रकम सबै खर्च हुन नसक्ने भएकाले |
| | जम्मा | रू. १ करोड | |

निर्णय नं.५

कोरोना भाइरस ( कोभिड -१९) को जोखिमबाट बच्न तथा रोकथाम र उपचारका लागि यस नगरपालिकाभित्र संचालन हुने क्वारेन्टाइन एवं आइसोलेसन वार्डहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन/व्यवस्थापन गर्नका लागि तपशिल बमोजिमको " क्वारेन्टाइन तथा आइसोलेसन व्यवस्थापन सहजिकरण समिति" गठन गरी परिचालन गर्ने निर्णय गरियोः

तपशिलः

| क्र.स | नाम/थर | पद | कैफियत |
|---|---|---|---|
| १ | वडा नं.६ वडाअधयक्ष, श्री न्हुच्छे बहादुर महर्जन | संयोजक | |
| २ | वडा नं.३ वडा अध्यक्ष, श्री राजेन्द्र महर्जन | सदस्य | |
| ३ | वडा नं.४ वडा अध्यक्ष, श्री राजेन्द्र बानियाँ | सदस्य | |
| ४ | कार्यपालिका सदस्य श्री सुमन पोखरेल | सदस्य | |
| ५ | शिक्षा शाखा प्रतिनिधि श्री जुजुभाइ महर्जन | सदस्य | |
| ६ | स्वास्थ्य शाखा प्रतिनिधि श्री अमृत बस्नेत | सदस्य | |
| ७ | राजश्व शाखा प्रमुख श्री नरेन्द्र महर्जन | सदस्य सचिव | |

निर्णय नं.६

कोरोना भाइरस रोकथाम, नियन्त्रण, उपचार र राहत वितरण कार्यका लागि नगरपालिकाबाट स्थापित आकष्मिक कोषमा रकम अभिवृद्धिका लागि नगर कार्यपालिकाको बैठकहरुको बैठक भत्ता बापतको नगर प्रमुख, उप-प्रमुख तथा वडा अध्यक्षहरुको मिति २०७६ पौष देखि २०७७ आषाढ सम्मको सबै रकम उक्त आकष्मिक कोषमा जम्मा गर्ने र नगर कार्यपालिका एवं नगरसभा सदस्यहरुबाट स्वैच्छिक रुपमा प्राप्त हुने रकमको संकलनको संयोजन गर्न जिम्मा कार्यपालिका सदस्य तथा पुन निर्माण तथा विपद् व्यवस्थापन समिति संयोजक श्री गंगाराम महर्जनलाई दिने निर्णय गरियो ।